बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश
नेपाल

बैठक संख्याः

श्रीः

आज मिति २०७७ साल जेष्ठ २५ गते दिउसो २:०० बजे प्रमुख श्री धीरज शर्मा बस्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिती तथा भएका निर्णयहरु यस प्रकार छ ।

## उपस्थिति

| क्र.सं. | दस्तखत | नाम थर | | पद |
|---|---|---|---|---|
| १. | [signature] | श्रीः धीरज शर्मा बस्याल | प्रमुख | प्रमुख |
| २. | मायापौडेल | श्रीः मायादेवी पौडेल | उप-प्रमुख | उप-प्रमुख |
| ३. | [signature] | श्रीः मोतिलाल सुनार | वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ४. | [signature] | श्रीः दया दर्लामी | वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ५. | [signature] | श्री रुद्र प्रसाद न्यौपाने | वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ६. | [signature] | श्रीः रविन्द्रविक्रम हमाल | वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ७. | [signature] | श्रीः रेश्मीराज भट्टराई | वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| ८. | [signature] | श्रीः रोहीत थारु | वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ९. | | श्रीः ध्रुव थारु | वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १०. | [signature] | श्रीः कविराज आचार्य | वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| ११. | [signature] | श्रीः चन्द्रकान्त चापागाई | वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १२. | [signature] | श्रीः राजु मिश्र | वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १३. | | श्रीः तीर्थराज फौज्दार | वडाध्यक्ष, वडा नं. ११ | सदस्य |
| १४. | [signature] | श्रीः मानबहादुर मल्ल | वडाध्यक्ष, वडा नं. १२ | सदस्य |

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश
नेपाल

| | | | |
|---|---|---|---|
| १५. | | श्री: नर बहादुर चौधरी वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १६. | | श्री: केशवबहादुर खत्री क्षेत्री, वडाध्यक्ष, वडा नं. १४ | सदस्य |
| १७. | | श्री: बलबहादुर बलाल वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १८. | | श्री: सुक बहादुर गुरुंग वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| १९. | | श्री: ईशा सुनार | सदस्य |
| २०. | | श्री: अम्बिका देवी उपाध्याय | सदस्य |
| २१. | | श्री कविता रायमाझी | सदस्य |
| २२. | | श्री: बुद्धिमाया सुनार | सदस्य |
| २३. | | श्री: प्रतिमाकुमारी चौधरी | सदस्य |
| २४. | | श्री: वेचन प्रसाद ठाकुर (हजाम) | सदस्य |
| २५. | | श्री: लल्लन प्रसादविन | सदस्य |
| २६. | | श्री: लुकुडी चमार | सदस्य |
| २७. | | श्री: मेघ नाथ पाध्या | सदस्य-सचिव |
| | | व्यवस्थापन टोली | |
| २८. | | श्री माधव ज्ञवाली | स्वास्थ्य शाखा प्रमुख |
| | | श्री पुष्कर काफ्ले | कार्यक्रम अधिकृत |
| २९. | | श्री विष्णु लाल पुरी | लेखा अधिकृत |
| ३० | | श्री गोपाल चौधरी | सूचना प्रविधि अधिकृत |
| ३१ | | श्री: कृष्ण वहादुर थापा क्षेत्री | सहायक पाँचौ |

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश
नेपाल

**प्रस्तावहरु:**

१. कोरोना भाइरस (कोभिड-१९) सतर्कता सम्बन्धमा ।
२. आईसोलेसन कक्ष निर्माण सम्बन्धमा ।
३. सडक बत्ति सन्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ सम्बन्धमा
४. आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम र बजेटको लागि नगरसभा सम्बन्धमा
५. सडक बत्ति बाडफाड सम्बन्धमा ।
६. रकमान्तर सम्बन्धमा ।
७. नगर खेलकुद विकास समिति गठन सम्बन्धमा ।
८. चिसापानी अस्पतालको बजेट माग सम्बन्धमा ।
९. बिद्यालयको छाना छाउने सम्बन्धमा ।
१०. सीमसार संरक्षण क्षेत्रमा बाँध निर्माण ।
११. स्थायी प्रहरी चौकी स्थापना गर्ने सम्बन्धमा ।
१२. स्थायी प्रहरी चौकीको लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा ।
१३. विविध सम्बन्धमा

*निर्णय नं. १:*

प्रस्ताव नं. १ माथि छलफल गर्दा नोभेल कोरोना भाइरस COVID-19 संक्रमण, रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले छैटौ चरण २०७७ जेष्ठ ३२ गते सम्म लकडाउन गरेकोले सो अवधि सम्मका दिनहरुमा आ–आफ्नो वडा बासीहरु तथा नगरबासी सबैलाई लकडाउन पूर्ण पालना गर्नमा सहयोग पुर्‍याईने निर्णय गरियो ।

*निर्णय नं. २:*

प्रस्ताव नं. २ माथि छलफल गर्दा विश्वमा फैलदो अवस्थामा रहेको नोभेल कोरोना भाइरस COVID-19 को संक्रमणलाई नियन्त्रण, रोकथाम एवम न्यूनिकरण गर्न भनि नेपाल सरकारबाट यही २०७७ साल जेष्ठ ३२ गते सम्म घोषणा गरेको बन्दाबन्दीका कारण दिनानुदिन घर पर्कि आउने क्रम जारी रहेकोले संक्रमित क्षेत्रबाट यस नगरमा प्रवेश गर्दा अन्य व्यक्तिहरुमा संक्रमण हुन नपाओस भनि पूर्व सतर्कता अपनाउन भारत लगायत तेस्रो मुलुकबाट यस नगरक्षेत्र भित्र प्रवेश गर्ने जो कोही नागरिकलाई पनि नगरक्षेत्र भित्र निर्माण भएका क्वारेन्टाइनमा अनिवार्य रुपमा बस्ने व्यवस्था मिलाईएकोमा क्वारेन्टाईनमा बसी तोकिएको समयावधि पूरा गर्ने नागरिकहरुको आर.डि.टि/पि.सी.आर (RDT/PCR) टेष्ट गर्दा नतिजा पोजेटिभ (POSITIVE) देखिएमा निजहरुलाई आईसोलेसन कक्षमा राखी स्वास्थ्य उपचार गर्नु पर्ने प्रावधान रहेकोले यस नगरपालिकाको स्वास्थ्य क्षेत्रमा पहुँच राख्ने एक मात्र अस्पताल चिसापानी अस्पताल भाडामा सन्चालन हुदै आईरहेको अवस्थामा सो अस्पतालमा आईसोलेसन कक्ष निर्माण गरी सेवाप्रवाह गर्न नमिल्ने देखिएको हुदा अस्पताल र आईसोलेसन गरी दुवै क्षेत्रमा सेवाप्रवाह गर्न स्वास्थ्यकर्मी र विरामीलाई पायक पर्ने जिल्ला नवलपरासी बर्दघाट नगरपालिका (साविक माकर गा.वि.स) वडा नं. २/घ कि.नं. १३१० को जम्मा ज.वि.८-२-१०-० जग्गा मध्ये आवश्यक पर्ने जग्गामा तारवार गरी

हाललाई अस्थायी प्रकृतिको २५ सैयाको आईसोलेसन कक्ष निर्माण गर्न प्रकोप व्यवस्थापन कोषबाट रु.७१,२०,०००.० (रुपैया एकहत्तर लाख वीस हजार मात्र) रकम विनियोजन गरी उक्त कार्य उपभोक्ता समिति मार्फत अगाडि बढाउने भनि नगरस्तरीय सर्वदलिय समिति र नगरस्तरीय विपद् व्यवस्थापन समितिबाट सिफारिस भै आएकोले सो जगगामा उक्त कार्य गर्ने निर्णय गरियो ।

***निर्णय नं. ३:***

प्रस्ताव नं ३ माथी छलफल गर्दा बर्दघाट नगरपालिकाको "सडक वत्ति सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७" लाई परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

***निर्णय नं. ४:***

प्रस्ताव नं ४ माथी छलफल गर्दा यस नगरपालिकाको आ.व. २०७७/०७८ को बार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमा सम्बन्धि छैंटौ नगरसभा मिति २०७७/०३/१० गते गर्ने निर्णय गरियो ।

***निर्णय नं. ५:***

प्रस्ताव नं ५ माथी छलफल गर्दा नगरपालिकाको निश्चित भौगोलिक क्षेत्र भित्रको निशित वस्ती तथा क्षेत्रमा पर्ने विभिन्न टोल अर्न्तगतका मूख्य सडक तथा सहायक सडकहरुका विद्युत पोलहरुमा स्थानीय स्तरका माग तथा नगरका मूख्य चोक, मूख्य सडक, कालोपत्रे सडक, वजार क्षेत्रका सडक, घना वस्ती क्षेत्रमा सम्बन्धित वडा मार्फत माग भै आएमा आवश्यक्ता र औचित्यताको आधारमा सडक वत्ति जडान गर्दै जाने निर्णय गरियो ।

***निर्णय नं. ६:***

प्रस्ताव नं. ६ माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०७६/०७७ का लागि नगरसभाबाट स्वीकृत नगर स्तरिय योजनाहरुको सन्दर्भमा चालु आ.व. मा सम्पन्न हुन नसक्ने देखिएका साथै विश्वव्यापी माहामारीको रुपमा फैलिएको नोभेल कोरोना भाइरस (कोभिड-१९) को कारण प्रभावित क्षेत्रहरुको लागि राहत सुविधा प्रदान गर्ने नेपाल सरकार, मन्त्रीपरिषदको निर्णय कार्यान्वयन कार्ययोजना, २०७६ वमोजिम देहायका नगर तथा वडा स्तरीय शीर्षकबाट देहायवमोजिमको रकम रकमान्तर गर्न सम्बन्धित शाखाबाट सिफारिस भै आएकोले उल्लेखित रकम रकमान्तर गर्ने निर्णय गरियो । साथै सि.नं. ५१९ को व्यवासायिक कृषकलाई (ग्लोबस, गमबुट, एप्रोन, कोदाली) वितरण गर्ने कार्यक्रमलाई रकमान्तर गर्न भनि मिति: २०७७/०२/१६ गतेको बैठकबाट रकमान्तरको निर्णय भएकोमा उक्त शीर्षकलाई रकमान्तर नगरी पुन यथावत कायम गर्ने निर्णय गरियो ।

**तपसिल:**

| शीर्षक परिबर्तन गरिएका नगरस्तरीय योजनाहरु | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स. | योजना क्र.स. | योजनाको नाम | विनियोजन बजेट रु. | परिवर्तित शीर्षक | विनियोजन बजेट रु. | कैफियत |
| १ | ३८४ | आभारभूत तहका शिक्षकका लागि व्यवहार कुसल शिप तालिम | ५५००००.० | बैकल्पिक प्रणालीबाट विद्यार्थिको शीकाई सहजिकरण ( | ७५००००.० | शीर्षक परिवर्तन |

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश
नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | शिप तालिम | | सहजिकरण ( बालविकास देखी कक्षा-१० सम्म) | | |
| २ | ३९८ | कक्षा-१ मा अध्यापन गर्ने शिक्षकहरुको लागि पाठ्यक्रम तालिम | १०००००.० | | | शीर्षक परिवर्तन |
| ३ | ४५६ | प्र.अ. र लेखापालको लागि IEMIS सम्बन्धि तालिम | १०००००.० | | | शीर्षक परिवर्तन |
| ४ | ५१९ | व्यवसायिक कृषकलाई ( ग्लोवस, गमबुट, एप्रोन, कोदाली) वितरण | ३२००००.० | सुपरमेपीयर घासको वेर्ना वितरण | ३२००००.० | अघिल्लो बैठकबाट शीर्षक परिवर्तन गर्ने निर्णय भएको भएतापनि हाल यथावत |
| ५ | ५५१ | समपुरक कोषका आयोजना | ६७१९९०००.० | प्रकोप व्यवस्थापन कोष | ७५०००००.० | ५९६९९०००.० |
| | | जम्मा रु | ६८२६९०००.० | | ८५७००००.० | ५९६९९०००.० |

*निर्णय नं. ७*

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस बर्दघाट नगरपालिकाको "बर्दघाट नगरपालिकाको नगर खेलकूद विकास समिति सञ्चालन कार्यविधि, २०७६" को दफा ३ वमोजिम नगर कार्यपालिकाबाट सदस्यहरु मनोनित गर्ने प्रावधान रहेकोले देहायका व्यक्तिहरुलाई नगर खेलकुद विकास समितिमा मनोनय गर्ने निर्णय गरियो ।

(क) बर्दघाट नगरपालिकाको प्रमुखले तोकेको व्यक्ति: संयोजक
 १. श्री सन्तोष श्रेष्ठ

(ख) विभिन्न विधाका खेलकूदका विज्ञहरु मध्येबाट कार्यपालिकाबाट मनोनित ३ जना - सदस्य
 १. श्री: कृष्ण गौतम, बर्दघाट नगरपालिका वडा नं. १३
 २. श्री: बेलबहादुर छन्टेल मगर, बर्दघाट नगरपालिका वडा नं. ४
 ३. श्री: कमल थापा, बर्दघाट नगरपालिका वडा नं. ४

(ग) नगर, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल जगतमा प्रतिभा आर्जन गरेका खेलाडी वा पूर्व खेलाडीबाट बर्दघाट नगरपालिका कार्यपालिकाबाट मनोनीत कम्तीमा एकजना महिला सहित बढीमा २ जना -सदस्य
 १. श्री: भरत गुरुंग, बर्दघाट नगरपालिका वडा नं. १६
 २. श्री: माया थापा क्षेत्री, बर्दघाट नगरपालिका वडा नं. ४

(घ) नगर खेलकूद कार्यालय रहने वडाका वडाध्यक्ष वा निजले तोकेको वडा सदस्य -सदस्य
 १. श्री: विष्णु प्रसाद भण्डारी, वडा सदस्य वडा नं. ०४

(च) सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापक मध्ये प्रमुखद्वारा मनोनित २ जना - सदस्य
 १. सामुदायिक विद्यालयबाट श्री दीपक प्रसाद पोखरेल

नगरपालिका
नगरपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश
नेपाल

२. संस्थागत विद्यालयबाट श्री संजय ढुंगाना

(छ) सम्बन्धित शाखाको शाखा प्रमुख वा निजले तोकेको कर्मचारी १ जना - सदस्य सचिव

१. श्री ईन्द्रबहादुर कुवर, शिक्षा शाखा प्रमुख

*निर्णय नं. ८:*

प्रस्ताव नं. ८ माथि छलफल गर्दा बर्दघाट नगरपालिका वडा नं. ०२ अर्न्तगत रहेको श्री चिसापानी अस्पतालले विगतमा आईरहेको बजेटमा कटौती हुदा अस्तालबाट दिईदै आएको सेवा प्रभावित हुनुका साथै अस्पताल संचालन गर्न कठिनाई भएकोले अनुसूचि वमोजिम चालु शिर्षकमा आवश्यक रकम उपलव्ध गराई दिनु हुन भनि चिसापानी अस्पतालको च.नं. २७५ मिति: २०७७/०२/१८ को पत्र मार्फत कार्यक्रम पेश हुन आएकोमा सो अस्पतालबाट विश्वमा फैलदो अवस्थामा रहेको नोभेल कोरोना भाइरस COVID-19 को संक्रमणलाई नियन्त्रण, रोकथाम एवम न्यूनिकरण गर्ने अभियान समेत बजेट अभावमा प्रभावित हुन गएकोले उक्त अस्पतालको व्यवस्थापन तथा सेवाप्रवाह र तोकिएको कार्य गर्न प्रकोप व्यवस्थापन कोषबाट रु. १५,००,०००/-(रुपैयाँ पन्ध्र लाख मात्र) रकम उपलव्ध गराउने निर्णय गरियो ।

*निर्णय नं. ०९*

प्रस्ताव नं. ०९ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. १४ अर्न्तगत रहेको श्री पवित्रा प्राथमिक विद्यालय, पवित्रावस्तीको विद्यालयको छाना मिति: २०७६/०२/१९ गतेको हावाहुरीले विद्यालयको सबै छाना उडाउदा विद्यालयमा पठनपठान लगायतका कार्य प्रभावित भएकोले विद्यालयको छाना मर्मत गरी पाउँ भनि बर्दघाट नगरपालिका, १४ नं. कार्यालयको च.नं. १९६९ मिति: २०७७/०२/३० को सिफारिस, ईलाका प्रहरी कार्यालय, सेमरीको प्रहरी मुचुल्का सहित सिफारिस प्राप्त भएकोले उक्त विद्यालयको छानाछाउन विद्यालयको आन्तरिक श्रोत साधन अभावका कारण लागतसहभागिताबाट कार्य गर्न नसक्ने भएकोले शुन्यसहभागिताबाट कार्य सम्पन गर्न प्रकोप व्यवस्थापन कोषबाट रु. ८९७८३७/-(रुपैया आठ लाख सन्तानव्वे हजार आठ सय सैतिस मात्र) रकम विनियोजन गर्ने निर्णय गरियो ।

*निर्णय नं. १०*

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. १० अर्न्तगत रहेको ५२ घोला सिमसार क्षेत्रमा ड्याम निर्माण गर्न भनि आ.व. २०७६/०७७ को बार्षिक स्वीकृत कार्यक्रमको सि.नं. ३४ (क्रमागत) मा रु. १९६३१५६/-(रुपैया उन्नाईस लाख त्रीसठ्ठि हजार एक सय छपन्न मात्र) रकम विनियोजन भै कार्य संचालनको प्रकृयामा रहेकोले सो निर्माण कार्य गर्न भनि स्थानीय स्तरमा श्री कुलदेव श्रेष्ठको अध्यक्षतामा उपभोक्ता समिति समेत गठन गरी रकम निकासाको लागि माग भै आएकोले सो समिति मार्फत उक्त कार्य अगाडि बढाउने निर्णय गरियो ।

*निर्णय नं. ११*

प्रस्ताव नं. ११ माथि छलफल गर्दा जिल्ला नवलपरी (ब.सु.प) बर्दघाट नगरपालिका वडा नं. १२ स्थित हुलाकी सडकले भटौलीया, बर्गदही, बडकी भटौलीया, जमुनियाका विभिन्न स्थानहरुलाई जोड्ने, भारतीय सिमानाबाट आउने सडक समेत सोही भटौलीया बजारमा आई जोडिने, दिनानुदिन उक्त स्थानहरुमा बजार विस्तार भैरहेको, त्यसको साथसाथै बैंक, वित्तिय संस्थाहरु, सुनचाँदी पसलहरुको स्थापना तथा संचालन गर्न समेत अत्यावश्यक भैरहेको, उक्त एरीयाको नजिक कुनै पनि प्रहरी कार्यालय नभएको, १० कि.मी पूर्वमा ईलाका प्रहरी कार्यालय सेमरी र १० कि.मी.

पश्चिममा जिल्ला प्रहरी कार्यालय, नवलपरासी पश्चिम रहेको यी दुवै प्रहरी कार्यालयको मध्ये बिन्दुमा प्रहरी चौकी स्थापना हुन सकेमा त्यस ईलाकाबाट भन्सारछली, चोरी निकासी, पैठारी, चोरी कुटपीट, घरेलुहिंसा, जुवातास टावरमा आग्जनी, लागुपदार्थ दुव्यर्सनी, जस्ता अपराधिक कृयाकलाप नियन्त्रण हुने हुदा अविलम्व बर्दघाट नगरपालिका वडा नं. १२ भटौलीया स्थितमा स्थायी प्रहरी चौकी निकासा गरी स्थापना गर्नको लागि सिफारिस गरि बर्दघाट नगरपालिकाको कार्यालय मार्फत जिल्ला प्रहरी कार्यालय, नवलपरासी (ब.सु.प) जिल्ला प्रशासन कार्यालय नवलपरासी (ब.सु.प) मा पठाउने निर्णय गरियो ।

*निर्णय नं. १२*

प्रस्ताव नं. १२ माथि छलफल गर्दा बर्दघाट नगरपालिका वडा नं. १२ स्थितमा स्थापना हुने प्रहरी चौकीका लागि साविक जहदा-५/घ कि.नं. २९७ को राष्ट्रिय आवास कम्पनीको नाममा रहेको जग्गा बिगाहा १-०-१३-० क्षेत्रफालको जग्गा मध्येबाट पूर्व सहमति तथा निर्णय भएवमोजिम (प.सं.२०७६/०७७ च.नं.४८६ मिति: २०७६/११/२१ गतेको पत्रको आधारमा) प्रहरी चौकी भटौलीयाको नाममा रहेको जम्मा ज.वि. ०-५-१३-० क्षेत्रफलको जग्गा कित्ता काट गरी दर्ता गरी जग्गा धनी दर्ता प्रमाण पूर्जा प्रदान गर्ने निर्णय गरियो ।

*निर्णय नं. १३ विविध:*

प्रस्ताव नं. १३ विविध माथि छलफल गर्दा बर्दघाट नगरपालिकाको आ.व. २०७६/०७७ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार संचालन आयोजना तथा कार्यक्रमहरुमा कार्यक्रम वा आयोजना तर्जुमा, सञ्चालन, अनुगमन तथा मूल्यांकन लगायत आयोजनाका प्रत्येक चरणमा अधिकाधिक सहभागिता जुटाउने क्रममा नोभेल कोरोना भाइरस (कोभिड-१९) महामारी रोकथाम तथा नियन्त्रणका कारण जनस्तरमा लागत सहभागिता जुटाउन कठिनाई भएको सन्दर्भमा सहभागिताको अंश निर्धारण गर्दा अति विपन्न परिवार र लक्षित समूहलाई विशेष सहुलियत दिन सकिने व्यवस्था रहेको र लागत सहभागिता व्यहोर्न नसकेकै कारणबाट लक्षित समूहलाई आयोजना लाभबाट वञ्चित गर्न नपाईने भएकोले शुन्य सहभागिता देखी माथि आवश्यक्ता र औचित्यताको आधारमा ५ देखी ३० प्रतिशत सम्म सम्बन्धित वडा कार्यालयको सिफारिसमा सहभागिता कायम गर्ने निर्णय गरियो ।